# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

### इटहरी उपमहानगरपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का आव्हानको सूचना।

दोश्रो पटक प्रकाशित मिति २०८०।०२।२६ गते

इटहरी उपमहानगरपालिकाद्वारा आ.व. २०८०।८१ का लागि आर्थिक ऐन २०७९ को दफा २०, प्रचलित कानून तथा इटहरी उपमहानगरपालिकाको राजस्व परामर्श समितिको निर्णयानुसार आन्तरिक आय ठेक्काहरू बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले तपसिलका शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि दोश्रो पटक मिति २०८०/०२/२६ को दैनिक पत्रिकामा यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम वार्षिक ठेक्का अङ्क रु. मु.अ.क. सहित | सिलबन्दी दरभाउपत्र फारम दस्तुर रु. मा | सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउपत्र फारम बुझाउने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | ITR/SQ/01R/079/80 (राजस्व) | साप्ताहिक सोमबारे हाटकर पकली वडा नं. १७ | एक वर्ष | ३,७०,०००। | १०००। | २०८०।०३। ०८ गते कार्यालय समय भित्र | २०८०।०३।१० गते दिउसो १२:०० बजे सम्म | २०८०।०३।१० गते दिउसो २:०० बजे |
| २. | ITR/SQ/02R/079/80 (राजस्व) | साप्ताहिक सोमबारे, शुक्रबारे हाटकर पचरुखी वडा नं. ५ | एक वर्ष | ५,११,०००। | १०००। | २०८०।०३। ०८ गते कार्यालय समय भित्र | २०८०।०३।१० गते दिउसो १२:०० बजे सम्म | २०८०।०३।१० गते दिउसो २:०० बजे |
| ३. | ITR/SQ/04R/079/80 (राजस्व) | दैनिक गुद्रीहाट र सोमबारे बुधबारे हाटकर खनार वडा नं. १२ | एक वर्ष | ९,४९,२००। | १०००। | २०८०।०३। ०८ गते कार्यालय समय भित्र | २०८०।०३।१० गते दिउसो १२:०० बजे सम्म | २०८०।०३।१० गते दिउसो २:०० बजे |
| ४. | ITR/SQ/05R/079/80 (राजस्व) | साप्ताहिक सोमबारे, बिहिबारे हाट तरहरा वडा नं. २० | एक वर्ष | १२,१०,०००। | १०००। | २०८०।०३। ०८ गते कार्यालय समय भित्र | २०८०।०३।१० गते दिउसो १२:०० बजे सम्म | २०८०।०३।१० गते दिउसो २:०० बजे |
| ५. | ITR/SQ/06R/079/80 (राजस्व) | लविपुर बिहिबारे हाटकर वडा नं. १७ | एक वर्ष | २,५१,१००। | १०००। | २०८०।०३। ०८ गते कार्यालय समय भित्र | २०८०।०३।१० गते दिउसो १२:०० बजे सम्म | २०८०।०३।१० गते दिउसो २:०० बजे |
| ६. | ITR/SQ/07R/079/80 (राजस्व) | बालग्राम चोक मङ्गलबारे हाटकर वडा नं. १७ | एक वर्ष | १,८०,०००। | १०००। | २०८०।०३। ०८ गते कार्यालय समय भित्र | २०८०।०३।१० गते दिउसो १२:०० बजे सम्म | २०८०।०३।१० गते दिउसो २:०० बजे |

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | ITR/SQ/14R/079/80 (राजस्व) | बेलहिया माछापोखरी वडा नं. १५ | तीन वर्ष | १,३५,०००। (प्रती वर्ष) | १०००। | २०८०।०३। ०८ गते कार्यालय समय भित्र | २०८०।०३।१० गते दिउसो १२:०० बजे सम्म | २०८०।०३।१० गते दिउसो २:०० बजे |
| ८. | ITR/SQ/18R/079/80 (राजस्व) | इटहरी चोकको नयाँ भबनका सटर २ वटा र संगैको सार्वजनिक सौचालय | ५ वर्ष | ३,००,०००। | १०००। | २०८०।०३। ०८ गते कार्यालय समय भित्र | २०८०।०३।१० गते दिउसो १२:०० बजे सम्म | २०८०।०३।१० गते दिउसो २:०० बजे |

**शर्तहरु:**

१. शिलबन्दी दरभाउपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी तोकिएको मिति र समय भित्र यस कार्यालयको राजस्व प्रशासन शाखाबाट खरिद गर्नुपर्नेछ।

२. शिलबन्दी दरभाउपत्रसाथ कबोल गरेको अङ्कको ५% ले हुन आउने रकम जमानत बापत यस कार्यालयको नाममा रहेको नेपाल बैङ्क लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३००००००३००००००००१ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त "क" वर्गको वाँणिज्य बैंकबाट कम्तिमा ९० दिन म्याद कायम रहेको बैंक जमानत पत्र संलग्न राखी दरखास्त पेश गर्न सकिनेछ।

३. शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट उल्लिखित कार्यहरु गरिनेछ।

४. छुट्टा-छुट्टै विषयको दरभाउपत्र फारम छुट्टा-छुट्टै खाममा शिलबन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम र छाप स्पष्ट लेखी यस कार्यालयको नाम उल्लेख गरि पेश गर्नु पर्नेछ।

५. रीतपूर्वक दाखिला भएको शिलबन्दी दरभाउपत्रहरु तोकिएको मिति र समयमा यसै कार्यालयमा कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन।

७. दरभाउपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजस्व कार्यालयमा फर्म दर्ता भई आ.व. २०७८।७९ को कर चुक्ता भएको प्रमाणित प्रतिलिपि, फर्म नवीकरण भएको प्रमाणित प्रतिलिपि, व्यवसाय दर्ता नविकरण भएको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्नेछ।

८. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैले बुझाउनु पर्नेछ।

९. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात) दिन भित्र नियमानुसार सम्झौता गर्न उपस्थिति हुनु पर्नेछ।

१०. नेपाल सरकारले जारी गरेको निशेधाज्ञाको बखतमा ठेक्का सञ्चालन नभएमा सो समय हिसाब गरी ठेक्का रकम दामासाहीले घटाइनेछ।

११. कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ नबुझाएको अवस्थामा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई ३ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता भएको बखतमा, दोस्रो किस्ता २०८० कात्तिक मसान्त भित्र र अन्तिम किस्ता २०८० फाल्गुण मसान्त भित्र दाखिला गर्नु पर्नेछ। किस्ता रकम ठेक्का सम्झौता गर्दा नै बुझाई बाँकी रकमको हकमा २०८१ असार मसान्तसम्म म्याद कायम रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैङ्कबाट जारी गरिएको बैङ्क ग्यारेण्टी पेश गर्नु पर्नेछ।

१२. तोकिएको अवधि भित्र किस्ता नबुझाएमा नियमानुसार हर्जना बुझाउनु पर्नेछ।

१३. ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्न ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैङ्क ग्यारेण्टीबाट असुल गर्न बाँकी रकम असुल उपर गरिनेछ।

१४. ठेकेदारले आय सङ्कलनका लागि लिएको ठेक्का उपमहानगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाइने छैन। बढी लिएको पाइएमा वा लिएको ठहरेमा ठेकेदारलाई जरिवाना असुल गरी कानून बमोजिम कारबाही गर्न सकिनेछ।

१५. ठेक्का सञ्चालन गर्दा उपमहानगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कानूनी कारवाही गरिनेछ।

१६. कर, शुल्क, दस्तुर असुल गर्ने प्रयोजनका लागि उपमहानगरपालिका कार्यालयले तोकेको ढाँचाको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई उपमहानगरपालिकामा अभिलेख प्रमाणित गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइने छ।

१७. दरभाउ पत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी प्रचिलित ऐन नियमानुसार त्यो भन्दा लगत्तै पछिल्लो बढी कबोल गर्नेसँग सम्झौता गरिनेछ।

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी कोशी प्रदेश, नेपाल स्था: २०७२

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

१८. साविक गाबिस तथा साविक इटहरी उपमहानगरपालिकाले लगाएको ठेक्का लिई कबोल अंक चुक्ता नगरेको ठेकेदारबाट ठेक्का बक्यौता रकम चुक्ता नभएमा निजबाट दाखिला हुन आउने ठेक्का स्वीकृत गरिने छैन।

१९. कुनै पनि चिठ्ठी, तार टेलिफोन, फ्याक्सबाट आएको बोलपत्रलाई मान्यता दिइने छैन।

२०. यस ठेक्का सम्वन्धमा कुनै किसिमको बिबाद उत्पन्न भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र उक्त निर्णय दुबै पक्षलाई मान्य हुनेछ।

२१. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

२२. नेपाल सरकार, अदालत र यस कार्यालयको आदेश, निर्देशन र निर्णयको अक्षरस पालना गर्नु पर्नेछ।

२३. कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस कार्यालयको राजस्व प्रशासन शाखामा आई बिस्तृत विवरण बुझन सकिनेछ।

२४. कर, दस्तुर, शुल्क संकलनको दररेट सहितको सुची ठेक्का सम्झौता गर्दा उपलब्ध गराइनेछ। उक्त सुचीको वोर्ड सम्झौता अवधीभर सबैले देख्ने ठाउँमा राखी सुचीमा उल्लिखित दररेट अनुसार मात्र शुल्क उठाउन पाइनेछ।

२५. सबै हटियाको ठेक्का सकार गर्नेले हटिया लाग्ने क्षेत्रमा हटिया लाग्ने दिनको एक दिन अगाडी र पछाडी जुन ठेक्का सकार गरेको हो सोही ठेकेदार आफैले सो क्षेत्र सफा गर्नु पर्नेछ।

२६. यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल
स्था:२०७२